बैठक संख्या ६०                                              मिति २०७७।०९।२१

आज मिति २०७७।०९।२१ गतेका दिन विहान ७.०० वजे यस देवघाट गाउँपालिकाका अध्यक्ष श्री दुर्ग बहादुर थापाज्यूको अध्यक्षतामा देवघाट गाउँकार्यपालिकाको बैठक वस्यो ।

उपस्थिति

| नाम थर | पद |
|---|---|
| १. श्री दुर्ग बहादुर थापा | गा.पा. अध्यक्ष |
| २. श्री बिमला थापा | गा.पा. उपाध्यक्ष |
| ३ श्री नरहरि सापकोटा | सचिव ( प्रमुख प्रशासकीय अधिकृत) |
| ४. श्री भीम बहादुर गुरुङ | १ नं वडाध्यक्ष |
| ५. श्री पोल बहादुर आले | २ नं वडाध्यक्ष |
| ६. श्री कृतिमान आले | ३ नं वडाध्यक्ष |
| ७ श्री पदम बहादुर गुरुङ | ४ नं वडाध्यक्ष |
| ८. श्री याल बहादुर गुरुङ | ५नं वडाध्यक्ष |
| ९. श्री चन्द्र प्रकाश वि.क. | गा.का.पा. सदस्य |
| १०. श्री रत्न बहादुर बोटे | गा.का.पा. सदस्य |
| ११. श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| १२. श्री भोगीमाया राना | गा.का.पा. सदस्य |
| १३. श्री अनिता गुरुङ | गा.का.पा. सदस्य |
| १४. श्री यम माया गुरुङ | गा.का.पा. सदस्य |

कर्मचारी उपस्थिति

श्री उमानाथ ढकाल लेखा अधिकृत

श्री गोविन्द प्रसाद पौडेल, अधिकृत

श्री दुर्गा बहादुर राना

देवघाट गाउँपालिका

**वैठक संख्या ६०** **मितिः २०७७/०९/२१**

**प्रस्तावहरुः**

१. समिक्षा .................
२. चालु आ.व.का लागि स्वीकृत भएका योजना तथा कार्यक्रम र बजेटको संशोधन सम्बन्धमा ।
३. प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि थप भएको रकम बमोजिम वडा तहमा योजना छनौट सम्बन्धमा ।
४. देवघाट गाउँपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका, २०७७ स्वीकृत सम्बन्धमा ।
५. नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) को शुल्क/दर निर्धारण सम्बन्धमा ।
६. ईलाका प्रहरी कार्यालयको लागि टि.भी. उपलब्ध गराउने सम्बन्धमा ।
७. राष्ट्रिय योजना आयोगमा विशेष र समपुरक अनुदान तर्फ योजना प्रस्ताव माग सम्बन्धमा ।
८. भूमि सम्बन्धी समस्या समाधान सहजीकरण समिति गठन सम्बन्धमा ।
९. देवघाट आधारभूत अस्पतालको लागत अनुमान स्वीकृत गर्ने सम्बन्धमा ।

**निर्णयहरुः**

१. गाउँ कार्यपालिकाको कार्यालयबाट सम्पादन भएका कार्यहरुको समीक्षा गरियो ।
२. वडा अन्तर्गत सञ्चालन हुने चालु आ.व.का लागि स्वीकृत भएका योजना तथा कार्यक्रम र बजेटको संशोधन भएमा यथाशिघ्र गाउँपालिकाको कार्यालयमा पठाउन परिपत्र गर्ने निर्णय गरियो ।
३. प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि थप भएको रकम बमोजिम वडा तहमा योजना छनौट गरी गाउँपालिकामा पठाउन परिपत्र गर्ने निर्णय गरियो ।
४. देवघाट गाउँपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका, २०७७ स्वीकृत गर्ने निर्णय गरियो ।
५. आ.व. २०७७/०७८ मा देवघाट गाउँपालिका अन्तर्गत भएर बग्ने विभिन्न नदी तथा घाटहरुबाट नदीजन्य पदार्थ उत्खनन तथा व्यवस्थापन कार्यको लागि शुल्क निर्धारण गर्ने सम्बन्धमा छलफल हुँदा देवघाट गाउँपालिका क्षेत्र अत्यन्त दुर्गम भएको, बाटो तथा यातायातको व्यवस्था अत्यन्त दयनिय रहेको, कतिपय नदी तथा घाटहरुमा जानको लागि पुलको व्यवस्था नभएको, स्थानीय स्तरमा मात्र खपत हुने अवस्था रहेको र मुख्य बजारको पहुँच देखि टाढा रहेको जस्ता कारणहरुले गर्दा तपशिल बमोजिमको शुल्क निर्धारणका लागि राजश्व परामर्श समितिबाट सिफारिस भई आएकोमा सोही व्यहोरा बमोजिम शुल्क निर्धारण गर्ने निर्णय गरियो ।
   क) वडा नं. १, २, ३ र ४ अन्तर्गतका नदी तथा घाटहरुको लागि प्रति क्यू फिट रु. ४ (प्रति घ.मि. रु. १४१.१२)
   ख) वडा नं. ५ अन्तर्गतका नदी तथा घाटहरुको लागि प्रति क्यू फिट रु. ५ (प्रति घ.मि. रु. १७६.४०)
६. देवघाट गाउँपालिका वडा नं. २ खाल्टे स्थित अस्थायी इलाका प्रहरी कार्यालयको लागि १ थान टि.भी. उपलब्ध गराउने निर्णय गरियो ।

नरहरि सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

दुर्ग बहादुर थापा
अध्यक्ष

७. नेपाल सरकार राष्ट्रिय योजना आयोग, सिंहदरवार, काठमाडौंबाट मिति २०७७/०८/३० मा प्रकाशित सूचना बमोजिम प्रदेश र स्थानीय तहमा आ.व. २०७८/०७९ का लागि संघीय समपुरक तथा विशेष अनुदान अन्तर्गत सञ्चालन गरिने आयोजना/कार्यक्रमका लागि प्रस्ताव आव्हान गरेकोमा तपशिल बमोजिमका आयोजना/कार्यक्रमहरु माग गर्ने निर्णय गरियो ।

| सि.नं. | योजना तथा कार्यक्रमको नाम | अनुदानको किसिम | कैफियत |
|---|---|---|---|
| १ | कुवादी खोला वृहद खानेपानी योजना, देवघाट – ५ तनहुँ | विशेष अनुदान | |
| २ | सिंच्याङ्ग सार्वाङ्ग साराङघाट सडक आयोजना, देवघाट – ३ र ४ तनहुँ | समपुरक अनुदान | |

८. देवघाट गाउँपालिका स्तरीय भूमि सम्बन्धी समस्या समाधान सहजीकरण समिति गठन देहाय बमोजिम गठन गर्ने निर्णय गरियो ।

क) गा.पा. अध्यक्ष श्री दुर्ग बहादुर थापा - अध्यक्ष
ख) गा.पा. उपाध्यक्ष श्री विमला थापा - उपाध्यक्ष
ग) ने.क.पा. अध्यक्ष श्री भुवन सिं गुरुङ - सदस्य
घ) नेपाली काँग्रेस सभापती श्री प्रेम बहादुर गुरुङ - सदस्य
ङ) कार्यपालिका सदस्य श्री बाल कुमारी परियार - सदस्य
च) कार्यपालिका सदस्य श्री याम माया गुरुङ - सदस्य
छ) नागरिक समाजका प्रतिनिधी श्री शिवराज पौडेल - सदस्य
ज) नागरिक समाजका प्रतिनिधि श्री सावित्री न्यौपाने - सदस्य
झ) प्रमुख प्रशासकीय अधिकृत श्री नरहरि सापकोटा - सदस्य सचिव

९. देवघाट आधारभूत अस्पताल (१० वेड) भवन निर्माणको लागि डि.पि.आर. बमोजिम गर्नु पर्ने सम्पुर्ण कार्यको लागि रु. १६,५०,८८,०५९.९१ को लागत अनुमान तयार भई आएको तथा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट रु. १०,८३,३६,०००/- बजेट स्वीकृत भएको हुँदा मुख्य अस्पताल भवन र सो सँग सम्बन्धित कार्यको लागि मात्र रु. १२,८३,३९,६५३.३७ को लागत अनुमान स्वीकृत गरी टेण्डर प्रक्रियाबाट घटिघटाउ हुँदा आएको कुल रकम मध्ये रु. १०,८३,३६,०००/- भन्दा बढी भएमा सो रकम गाउँपालिकाको श्रोतबाट ब्यहोर्ने गरी टेण्डर प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

नरहरि सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

दुर्ग बहादुर थापा
अध्यक्ष